संयुक्त राष्ट्रसङ्घ

महासभा

ए/एचआरसी/१६/२३

वितरण: सामान्य, २०६७ फागुन ४
मूलप्रति: अङ्ग्रेजी

मानवअधिकार परिषद्
सोह्रौं सत्र
कार्यसूची बुँदा २ र १०

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको वार्षिक प्रतिवेदन र उच्चायुक्त तथा महासचिवको कार्यालयका प्रतिवेदन

प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धीकरण

नेपालको मानवअधिकार स्थिति तथा प्राविधिक सहयोगलगायतका आफ्नो कार्यालयका गतिविधिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको प्रतिवेदन*

सारसङ्क्षेप

प्रस्तुत प्रतिवेदन मानवअधिकार उच्चायुक्तले नेपालको मानवअधिकार स्थिति तथा आफ्नो कार्यालयका गतिविधिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा पेस गरेको पाँचौं प्रतिवेदन हो। यस प्रतिवेदनले अघिल्लो प्रतिवेदन (ए/एचआरसी/१३/७३) पेस गरेयता भएका विभेदका घटनालगायतका सम्बन्धमा दण्डहीनताको अन्त्य गर्न चालिएका व्यवहारिक कदमहरू जस्ता केही सकारात्मक घटनाक्रमहरू प्रतिविम्बित गर्दछ। तर, मानवअधिकारको गम्भीर उल्लङ्घन तथा दुर्व्यवहार सम्बन्धमा वास्तविक दण्डहीनताको अन्त्य गर्ने कार्यमा प्रगति हासिल गर्न अत्यावश्यक सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना तथा नयाँ संविधानलाई अन्तिम रूप दिने कार्यलगायत शान्ति प्रक्रियाका केही तत्त्वहरू लामो अवधिसम्म तन्केको राजनीतिक गतिरोधका कारण रोकिएका छन्। समावेशी समाजको विकास गर्न आवश्यक कदमहरू चाल्नमा केही प्रगति भए पनि द्वन्द्वका मूल कारणहरूको रूपमा रहेका व्यापक असमानता तथा विभेद निरन्तर जारी छन्। मानवअधिकारसम्बन्धी व्यवहारिक र ठोस नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने राजनीतिक तत्परता भएमा नेपालको शान्ति प्रक्रिया निरन्तर अगाडि बढ्न सक्छ र दण्डहीनताको विद्यमान संस्कृतिलाई पनि अन्त्य गर्न सकिनेछ।

विषयसूची

१.	परिचय	१-२	३
२.	मानवअधिकार तथा राजनीतिक अवस्था	३-५	३

३. संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल	६-९	४
४. दण्डहीनता तथा सङ्क्रमणकालीन न्याय	१०-४०	५
क. विहङ्गम दृष्टि	१०	५
ख. संस्थागत तथा संरचनागत चुनौतीहरू	११-२५	५
ग. कानुनी चुनौतीहरू	२६-३५	८
घ. उत्साहजनक घटनाक्रम	३६-४०	१०
५. विभेदविरुद्धको लडाइँ	४१-६७	११
क. विहङ्गम दृष्टि	४१-४३	११
ख. संस्थागत तथा संरचनागत चुनौतीहरू	४४-५३	११
ग. कानुनी चुनौतीहरू	५४-५८	१३
घ. उत्साहजनक घटनाक्रम	५९-६७	१५
६. निष्कर्षहरू	६८-७०	१६
७. सिफारिसहरू	७१-७९	१७

I. परिचय

१. राजनीतिक गतिरोधले भरिएको वर्षले नेपालको शान्ति प्रक्रियाको निरन्तरको नाजुक स्थितिलाई प्रदर्शन गऱ्यो। संविधानसभाले तोकिएको समयसीमा २०६७ जेठभित्र नयाँ संविधान बनाउन नसक्नु सबैभन्दा खराब स्थिति थियो। यसरी संविधानसभाको कार्यादेश अर्को एक वर्ष थप गरी २०६८ जेठसम्म बढाइएको थियो। लामो समयसम्म तन्किएको गतिरोधले गर्दा प्रधानमन्त्री माधवकुमार नेपालले आफ्नो पदबाट राजीनामा दिएको ६ महिनाभन्दा बढी समय बितिसक्दा पनि संसद्द्वारा नयाँ प्रधानमन्त्रीको चयन हुनसकेको छैन। यो अवस्था प्रस्तुत प्रतिवेदन पेस गर्दाको समयमा पनि कायम रह्यो र थुप्रै महत्त्वपूर्ण कानुनहरू संसद्समक्ष विचाराधीन रहेका छन्।

२. यसले मानवअधिकारको स्थितिमा प्रत्यक्ष असर गरेको छ, विशेषगरी नेपालले सामना गरिरहेका मानवअधिकारसम्बन्धी प्रमुख चुनौतीहरूमध्ये दुई चुनौती दण्डहीनता तथा विभेदका प्रगतिका सम्बन्धमा। प्रस्तुत प्रतिवेदनले यी दुवै मुद्दासँग सम्बन्धित संस्थागत, संरचनागत तथा कानुनी चुनौतीहरूको छानबिन गर्नेछ। प्रतिवेदनले थप उत्साहजनक घटनाक्रममाथि पनि जोड दिएको छ। प्रतिवेदनले आफ्ना विभिन्न प्रकरणहरूमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)ले मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुऱ्याउन गरिएका गतिविधिहरू पनि सङ्क्षेपमा प्रस्तुत गरेको छ।

II. मानवअधिकार तथा राजनीतिक स्थिति

३. प्रमुख दलहरूबीच भएको लगातारको गतिरोधले गर्दा गत वर्ष निरन्तर राजनीतिक अनिश्चितताको वर्ष रह्यो र यसले हाल जारी तनाव निम्त्याउनुका साथै हिंसाका फाटफुट घटनाहरू हुनपुगे। यसमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी – माओवादी (एनेकपा-माओवादी)द्वारा सन् २०१० मईमा आयोजना गरिएको राष्ट्रव्यापी विरोध कार्यक्रम तथा ६ दिने बन्द कार्यक्रम[१] सबैभन्दा महत्त्वपूर्ण रहे। ती विरोध कार्यक्रम प्रधानमन्त्रीको राजीनामा माग गर्न तथा राष्ट्रिय एकताको सरकार गठनका लागि वकालती गर्न आयोजना गरिएका थिए। सरकारमाथि दबाब दिन ती विरोध कार्यक्रमहरूको समय यसरी मिलाइएको थियो कि संविधानसभाले आफ्नो कार्यादेश गुमाउने सम्भावना बढ्दै गएको तथा नयाँ संविधान जारी गर्नुपर्ने तोकिएको मिति नजिकिँदै थियो। विरोध कार्यक्रमका सुरुका दिनहरू तुलनात्मक रूपले शान्तिपूर्ण रहे तापनि बन्द निरन्तर भइरहँदा हिंसाका घटना पनि बढ्दै गए र बन्दले देखाएका असरहरूसँगै निराशा पनि बढ्दै गयो। यसले गर्दा उल्लेखनीय प्रति-प्रदर्शनहरू भए अनि विरोधी प्रदर्शनकारीहरूका बीचमा र प्रदर्शनकारीहरू तथा प्रहरीका बीचमा पनि हिंसात्मक झडप भए। एनेकपा (माओवादी)ले कुनै तत्कालिक परिणाम हासिल नगरी विरोध कार्यक्रम फिर्ता लियो। तर, अर्को महिना प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष आफ्नो राजीनामा दिए। त्यसयता नयाँ प्रधानमन्त्री चयन गर्न १७ वटा असफल प्रयासहरू भइसकेका छन् भने सर्वोच्च अदालतले हालै गरेको हस्तक्षेपले यस प्रक्रियामा केही सहजीकरण गरी राजनीतिक गतिरोधलाई अन्त्य गर्ने आशा गर्न सकिन्छ।

४. नयाँ संविधानलाई अन्तिम रूप दिन नसक्नाले संविधानसभा तथा नयाँ संविधान निर्माण गर्ने समयसीमा २०६८ जेठसम्म एक वर्ष थप गर्न अन्तिम समयमा राजनीतिक सहमति गरियो। विवादित मुद्दाहरू समाधान गर्ने लक्ष्यसहित हालै एक उच्चस्तरीय राजनीतिक कार्यदल गठन गरिए तापनि हालसम्म नगन्य प्रगति हासिल भएको छ। शान्ति प्रक्रियाको केन्द्रमा रहेको मानवअधिकारसम्बन्धी मुद्दाहरूका सम्बन्धमा देशले प्रगति हासिल गर्ने कुरामा राजनीतिक गतिरोधले थप अवरोध पुऱ्याएको छ। सङ्क्रमणकालीन न्याय संयन्त्रको स्थापना गर्न बनेका मस्यौदा विधेयकहरू सन् २०१० को सुरुवातमा संसद्मा पेस गरेदेखि नै विचाराधीन अवस्थामा रहेका छन् भने अविभेदसम्बन्धी प्रस्तावित कानुन र नयाँ दण्ड संहिता तथा फौजदारी कार्यविधि संहितामाथि सार्वजनिक परामर्श भए तापनि तिनीहरूलाई अन्तिम रूप दिइएको छैन। तर, मुख्यतः विशेष समिति सचिवालयको स्थापना तथा माओवादी सेनाका लडाकुसँग सम्बन्धित विशिष्ट निर्देशिकाको अवलम्बनजस्ता केही सकारात्मक प्रगति पनि सम्भव भएका छन्।

५. मूलतः दक्षिण तराईका जिल्लाहरूमा कार्यरत सशस्त्र आपराधिक समूहहरूले समग्र सुरक्षा स्थितिमा गम्भीर प्रभाव पारिरहेका छन्। व्यापारिक समुदायका सदस्य, स्थानीय राज्यअधिकारी, राजनीतिक दल तथा सर्वसाधारणलाई लक्ष्यित गरी गरिने आक्रमण तथा अपहरणका घटनाहरू बारम्बार हुने गरेका छन् भने तिनमा प्रायः फिरौती रकमको माग गरिएको हुन्छ। नेपालले लामो समयदेखि मृत्युदण्डका विरुद्ध व्यक्त गरेको प्रतिबद्धताका बाबजुद, सुरक्षाफौजले त्यस्ता विधिहरूको प्रयोग गरी त्यसको जवाफ दिएको छ जसले गम्भीर चिन्ताहरू पनि उब्जाएको छ। यस्ता विधिहरूमा त्यस्ता समूहका सदस्यहरूको कथित गैरकानुनी पक्राउ तथा गैरन्यायिक हत्यालगायतका कुराहरू पर्दछन्। सरकारले सुरक्षा कर्मचारीका लागि आफ्नो आचारसंहिताको महत्त्व एवं सशस्त्र समूहसँग छलफल तथा कानुनको नियमित पालना गराउने कार्यमार्फत् स्थितिमा सुधार ल्याउने प्रयासमाथि जोड दिएको छ। तर, भावी संविधानबारे जारी अनिश्चितता, विशेषगरी सङ्घीयताको सम्बन्धमा, ले सन् २०११ मा नेपालभरि नै, विशेषगरी विभिन्न जातीय तथा जातीय-राजनीतिक समूहबीच सम्भावित सङ्घीय संरचनासँग सम्बन्धित मुद्दाहरूबारे अत्यन्तै विवाद रहेका जिल्लाहरूमा, तनाव जारी रहने अवस्था निम्त्याउन सक्छ।

III. नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय

---

[१] *बन्द* भनेको सम्पूर्ण व्यापार, विद्यालय, यातायात आदि जबर्जस्ती बन्द गर्ने कार्य हो।

६. उच्चायुक्तको कार्यालय-नेपाल सन् २००५ मा स्थापना गरिएको हो। हालको कार्यादेशलाई सन् २०१० जुनमा एक वर्षका लागि नवीकरण गरियो। उच्चायुक्त तथा नेपाल सरकारबीच भएको सम्झौताअन्तर्गतको औपचारिक कार्यादेशका अतिरिक्त, उच्चायुक्तको कार्यालय-नेपाललाई विस्तृत शान्ति सम्झौतामा भएका मानवअधिकारसम्बन्धी प्रावधानहरूको सम्मान भए नभएको अनुगमन गर्ने कार्यादेश पनि प्राप्त छ।

७. प्रतिवेदन अवधिमा उच्चायुक्तको कार्यालय-नेपालले देशभरि नियमित रूपमा अनुगमन टोलीहरू खटाई नेपालको मानवअधिकार स्थितिको अनुगमनलाई जारी राख्यो। उदाहरणका लागि, मईमा भएको माओवादीको विरोध कार्यक्रममा उच्चायुक्तको कार्यालय-नेपालले घटनाक्रमहरूको अनुगमन गर्न देशभरि २१ वटा टोलीहरू खटायो। कार्यालयले राष्ट्रिय मानवअधिकार संस्थाहरू तथा नागरिक समाजको क्षमता अभिवृद्धिमा जोड दिंदै राष्ट्रिय संरक्षण प्रणालीको विकासमा आफ्नो ध्यान थप केन्द्रित गरेको छ। यस सम्बन्धमा उच्चायुक्तको कार्यालय-नेपाल मानवअधिकार रक्षकहरूका लागि एक टुलकिटलाई अन्तिम रूप दिने प्रक्रियामा छ र यसले राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग तथा राष्ट्रिय दलित आयोगसँग निकट रही उनीहरूसँगको सहकार्यलाई जारी राखेको छ।

८. सन् २०१० सेप्टेम्बरमा उच्चायुक्तको कार्यालय-नेपालले "तराईमा भएका गैरन्यायिक हत्याका आरोपहरूको अनुसन्धान" नामक सरोकारहरूको सारसङ्क्षेप जारी गऱ्यो जसमा २००८ जनवरीदेखि २०१० जुनको बीचमा ५७ जनाको मृत्यु हुनेगरी भएका ३९ वटा घटनाहरूको अभिलेखन गरिएको छ। ती सबै घटनाहरूमा सुरक्षाफौजद्वारा बलको गैरकानुनी प्रयोग गरिएको भन्ने विश्वसनीय आरोपहरू छन्[२]। उच्चायुक्तको कार्यालय-नेपाल द्वन्द्वका क्रममा तथा द्वन्द्वपश्चात् गरिएका मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारका प्रतीकात्मक घटनाहरूसम्बन्धी जारी वकालती कार्यमा पनि संलग्न छ। यस कुराले त्यस्ता अपराधका लागि भएको निरन्तरको दण्डहीनतामाथि प्रकाश पार्दछ। प्रतिवेदन अवधिमा नगण्य प्रगति हासिल गरिएकोमा राष्ट्रिय मानवअधिकार आयोग तथा उच्चायुक्तको कार्यालय-नेपालबाट भएका लगातारका प्रयासहरूपछि एउटा घटनामा सफलतापूर्वक गरिएको शव उत्खनन कार्य उत्साहजनक रहेको छ, यद्धपि यसबाट पीडकहरूको सफल अभियोजन हुन्छ कि हुँदैन भनेर हेर्न बाँकी नै छ।

९. संसद्मा विचाराधीन कतिपय मस्यौदा विधेयकमा गर्नुपर्ने सुधारका सम्बन्धमा उच्चायुक्तको कार्यालय-नेपालले सरकारसँग वकालती गर्नुका साथै उसलाई सहयोग जारी राखेको छ। भावी नेपाली फौजदारी कानुन प्रणालीका लागि तीनवटा मस्यौदा विधेयकको मानवअधिकारमा पार्ने असरसम्बन्धी सिफारिसहरू पेस गर्न उच्चायुक्तको कार्यालय-नेपाल हाल नागरिक समाजका सङ्गठनहरूसँगको परामर्शमा संलग्न छ। उच्चायुक्तको कार्यालय-नेपाल भावी सङ्क्रमणकालीन न्याय संयन्त्रलाई सहयोग पुऱ्याउने परियोजना, द्वन्द्वसँग सम्बन्धित अपराधका पीडितहरूका लागि परिपूरणमा केन्द्रित परियोजना तथा सुरक्षा परिषद्को प्रस्ताव १६१२ (२००५)का अनुसार माओवादी सेनाबाट पूर्वबाल सैनिकहरूलाई उपयुक्त रूपमा विघटन गर्ने कार्यको एनेकपा (माओवादी)ले पालना गरे नगरेको अनुगमन गर्ने परियोजनालगायतका नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्ति कोषद्वारा सहयोग गरिएका परियोजनाहरूको कार्यान्वयनमा पनि संलग्न रहेको छ।

IV. दण्डहीनता तथा सङ्क्रमणकालीन न्याय

क. विहङ्गम दृष्टि

१०. विस्तृत शान्ति सम्झौता, २०६३ अन्तर्गत दलहरूले सशस्त्र द्वन्द्वका क्रममा गरिएका अपराध तथा मानवअधिकार उल्लङ्घनहरूलाई सम्बोधन गर्न, कानुनी शासन कायम राख्न तथा दण्डहीनतालाई प्रोत्साहन नगरिने कुराको प्रत्याभूति गर्न सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। तथापि, सशस्त्र द्वन्द्वरत पक्षहरूले गरेका उल्लङ्घन

[२] उच्चायुक्तको कार्यालय-नेपालले नेपाल सरकारबाट सरोकारहरूको सारसङ्क्षेप तथा त्यसमा उल्लेख गरिएका थुप्रै घटनाहरूसम्बन्धी विस्तृत टिप्पणी हालै प्राप्त गरेको छ र सारसङ्क्षेपमा उठाइएका मुद्दा र सिफारिसहरूबारे यो कार्यालय राज्यअधिकारीहरूसँग संवाद गर्ने अपेक्षा गर्दछ।

तथा दुर्व्यवहारका आरोपहरूको लामो तथा राम्रोसँग अभिलेखन गरिएको सूचीका बाबजुद चार वर्षपछि पनि द्वन्द्वसँग सम्बन्धित मुद्दामा नागरिक अदालतहरूबाट एकजनालाई पनि सफलतापूर्वक अभियोजन गरिएको छैन। यसका अतिरिक्त, सशस्त्र द्वन्द्वको अन्त्यपछि भएका मानवअधिकार उल्लङ्घनहरूको सम्बन्धमा पनि दण्डहीनता व्यापक रहेको छ।

ख. संस्थागत तथा संरचनागत चुनौतीहरू

१. राजनीतिक पक्ष

११. द्वन्द्वको अन्त्य भएयता एकपछि अर्को सरकार तथा प्रमुख राजनीतिक पात्रहरूले बारम्बार दण्डहीनताको अन्त्य गर्ने तथा शान्ति सुरक्षामा सुधार ल्याउने सार्वजनिक प्रतिबद्धता व्यक्त गरेका छन्। व्यवहारमा भने जवाफदेहीता तथा न्यायका सिद्धान्तहरू राजनीतिक निर्देशको मातहत रहेका छन्।

१२. सरकारले क्रमशः सैनिक तथा प्रहरी ऐनको उल्लङ्घनका लागि केही सेना तथा प्रहरी कर्मचारीहरूलाई विभागीय तथा अन्य कारबाही गरिएको बताए तापनि[३] मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन तथा दुर्व्यवहारका विश्वसनीय आरोप लागेका व्यक्तिहरूलाई कानुनको कठघरामा उभ्याउनका लागि चालिएका कदम अपर्याप्त रहेका छन्। वास्तवमा त्यस्ता केही व्यक्तिहरूको पदोन्नति गरिएको छ भने कैयौंलाई संयुक्त राष्ट्रसङ्घीय शान्ति सेना वा तालिमका लागि विदेश पठाइएको छ। सन् २०१० अक्टोबरमा सरकारले सन् २००३ र २००४ मा महाराजगन्ज ब्यारेकमा भएका यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यमा जिम्मेवार भनिएका एक सैनिक अधिकृतको पदावधि थप गऱ्यो। यसका अतिरिक्त, बर्दिया जिल्लामा भएको त्यस्तैखाले उल्लङ्घनका प्रमुख शङ्कित पीडकहरूमध्ये एकजनालाई सेनाको एक प्रमुख पदमा पदोन्नति गरिएको थियो। विश्वसनीय अनुसन्धान नभएसम्म त्यस्ता निर्णयहरूको खारेजी गर्न वा मुछिएका राज्यअधिकारीहरूलाई निलम्बन गर्न सरकारले हालसम्म पनि कुनै कदम चालेको छैन।

१३. नेपाली सेनाले सर्वोच्च अदालतलगायत न्यायिक राज्यअधिकारीहरूबाट भएका आदेशका बाबजुद प्रहरी छानबिनमा पूर्णरूपले सहयोग गर्न बारम्बार अस्वीकार गरेको छ। सन् २००४ मा नेपाली सेनाका चार अधिकृतहरूद्वारा १५ वर्षीया मैना सुनुवारलाई यातना दिई गरिएको हत्या यसको प्रमुख उदाहरण हो। सरकारले सैनिक कोर्ट मार्सलका निर्णय तथा बयानहरू सर्वोच्च अदालतमा पेस गरेको बताएको छ। तर, सेना आरोपितहरूमध्ये एकजनालाई सेवाबाट निलम्बन गर्न जिल्ला अदालतले सन् २००९ सेप्टेम्बरमा दिएको आदेशको पालना गर्न विफलमात्र भएन कि यसले सम्बन्धित अधिकृतलाई मध्य अफ्रिकी गणतन्त्र तथा चाडका लागि संयुक्त राष्ट्रसङ्घीय मिसनमा समेत खटायो। सन् २००९ डिसेम्बरमा ती अधिकृतलाई नेपाल फर्काइए पनि पक्राउ पुर्जीका बाबजुद नेपाली सेनाले उनलाई प्रहरीमा बुझाउन अस्वीकार गरेको छ। त्यस्तै, दुई महिला र एक बालिकाको मृत्यु हुनेगरी बर्दिया राष्ट्रिय निकुञ्जमा सेनाका कर्मचारीले अनावश्यक तथा गैरकानुनी बलको प्रयोग गरेको सन् २०१० मार्चको घटनामा पनि प्रहरी अनुसन्धानमा सहयोग गर्न सेना विफल भएको छ।

१४. त्यस्तै, एनेकपा (माओवादी) वा यसका भातृ सङ्गठनहरूले पनि दलका कार्यकर्ताहरूलाई असर पार्ने द्वन्द्वका क्रममा वा द्वन्द्वपश्चात् भएका घटनाहरूको प्रहरी अनुसन्धानमा साँचो रूपमा सहयोग गरेका छैनन्। सन् २०१० सेप्टेम्बरमा एनेकपा (माओवादी)ले सन् २००७ मा गरिएको एक व्यापारीको हत्यासम्बन्धी प्रहरी अनुसन्धानमा सहयोग गर्नुको साटो आफ्ना एक केन्द्रीय समिति सदस्यलाई निलम्बन मात्र गऱ्यो। सन् २००७ मा गरिएको पत्रकार वीरेन्द्र साहको हत्याका प्रमुख आरोपीहरू दलसँग सम्बद्ध सङ्गठनका गतिविधिहरूमा सक्रिय रूपमा सहभागी भइरहेको रिपोर्टका बाबजुद उक्त दलले सो हत्याको प्रहरी अनुसन्धानमा कुनै सहयोग गरेको छैन। त्यसबाहेक, द्वन्द्वको क्रममा गरिएको सर्वसाधारण व्यक्ति अर्जुन लामाको हत्याको घटनामा प्रमुख आरोपी रहेका एनेकपा (माओवादी) तर्फबाट संविधानसभाका सदस्यले सो घटनामा कार्यरत वकिल तथा मानवअधिकार रक्षकहरूलाई धम्क्याएको बताइएको छ।

२. सङ्क्रमणकालीन न्यायमा भएको ढिलासुस्ती

[३] प्रस्तुत प्रतिवेदनसम्बन्धी आफ्ना टिप्पणीहरूमा नेपाल सरकारले मानवअधिकार उल्लङ्घनका लागि अधिकृतलगायत १६९ जना सैनिक कर्मचारीले सजायको सामना गरेका तथा हाल १०० भन्दा बढी घटनाहरूमा अनुसन्धान भइरहेको बताएको छ। उच्चायुक्तको कार्यालय-नेपालले यी घटनाहरूबारे थप विवरण खोजिरहेको छ।

१५. विस्तृत शान्ति सम्झौताले कल्पना गरेका सङ्क्रमणकालीन न्याय संयन्त्रहरू नै द्वन्द्वसँग सम्बन्धित अपराधहरूलाई हेर्ने कानुनी संस्थाहरू हुन् र तिनको स्थापना हुनुअघि मानवअधिकार वा मानवीय कानुनका उल्लङ्घन तथा दुर्व्यवहारका कथित पीडकहरूविरुद्ध कुनै पनि फौजदारी कारबाही गरिनु हुन्न तथा तिनको पदोन्नति वा तिनलाई पुरष्कृत गर्ने अन्य उपायहरूसम्बन्धी लिइने निर्णयहरूमा अवरोध पुऱ्याउनु हुन्न भन्ने धेरै राजनीतिक पात्रहरूमा रहेको विश्वास नेपालमा कानुनी शासनको पालनामा रहेका प्रमुख व्यवधानहरूमध्ये एक हो र द्वन्द्वसँग सम्बन्धित अपराधमा भएको कारबाहीको अभावलाई उचित ठहऱ्याउन दिइएको भनाइ हो। तर, सङ्क्रमणकालीन न्याय संयन्त्रको स्थापना गर्ने प्रतिबद्धता गरेर कानुनअनुरूप मुद्दाहरू छानबिन तथा अभियोजन गर्ने कार्यबाट उम्कन पाइँदैन। बलपूर्वक बेपत्ता पार्ने कार्य तथा गैरन्यायिक हत्यालगायत द्वन्द्वका क्रममा गरिएका मानवअधिकारका गम्भीर उल्लङ्घनहरूको तत्काल अनुसन्धान तथा अभियोजन गर्नुपर्ने भनी गरेका कैयौं निर्णयहरूमार्फत् सर्वोच्च अदालतले यस सिद्धान्तलाई दोहोऱ्याएको छ।

१६. सरोकारवालाहरूसँगको व्यापक परामर्शपछि सन् २०१० को सुरुमा सम्बद्ध संयन्त्रहरू – सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग – को स्थापना गर्न संसद्मा विधेयकहरू प्रस्तुत गरिए तापनि ती विधायन समितिमा विचाराधीन रहेका छन्। सो समितिले ८० वटा भन्दा बढी संशोधन प्रस्तावहरूमाथि विचार गरिरहेको छ। त्यसबाहेक, यी विधेयकहरूले प्रस्तुत रूपमा अभियोजन गर्न सक्ने अधिकार भएका संयन्त्रहरू वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अपराध ठहरिने मुद्दाहरूलाई सीधै फौजदारी न्याय प्रणालीमा हस्तान्तरण गर्न सक्ने कुराको व्यवस्था गरेको छैन र यसले त्यस्ता मुद्दाहरूलाई महान्यायाधिवक्तासमक्ष पुऱ्याउने कुरामा मात्र तिनको अधिकारलाई सीमित पारी दिएको छ। वास्तवमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना नभइन्जेल फौजदारी न्याय प्रणाली केही गर्न सक्ने स्थितिमा हुँदैन र हाल तयार पारिएकै अवस्थामा मस्यौदा कानुनहरू पारित गरिएमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरूलाई द्वन्द्वसँग सम्बन्धित अपराधहरूमा उचित कारबाही गर्ने अधिकार नहुन सक्छ।

३. कानुनी शासनसँग सम्बन्धित संस्थाहरू कमजोर हुँदै जानु

१७. दण्डहीनता हुनाले फौजदारी न्याय प्रणाली तथा न्याय प्रशासनमा नकारात्मक असर पर्दछ। मानवअधिकारसम्बन्धी मुद्दाहरूमा महत्त्वपूर्ण निर्णय गरेर सर्वोच्च अदालतले सकारात्मक भूमिका खेले तापनि गम्भीर अपराधमा व्यक्तिहरूलाई जवाफदेही बनाउन नसक्नाले निष्पक्ष रूपमा तथा कुनै पनि राजनीतिक पक्षपात नगरी कानुनको पालना गराउने कानुनी शासनसँग सम्बन्धित संस्थाहरूको क्षमतामा सर्वसाधारणको विश्वास खस्कन्छ। साथै, जवाफदेहीता नहुनाले आपराधिक गतिविधि तथा हिंसाको प्रयोगमा संलग्न हुनेहरूलाई प्रोत्साहन मिल्छ।

१८. प्रतिवेदन अवधिमा नेपाल प्रहरी सेना, सशस्त्र प्रहरी बल, माओवादी सेनाका सदस्य वा आफ्नै सदस्यहरू पीडक भनी आरोप लागेका फौजदारी अनुसन्धानसम्बन्धी कारबाहीलाई अघि बढाउन अनिच्छुक रहिरहे। प्रहरी अधिकृतहरूले स्पष्ट कानुनी प्रक्रियाका बाबजुद अनुसन्धान प्रक्रिया अघि बढाउन अस्वीकार गर्दै सबैभन्दा माथिल्लो तहबाट नीतिगत निर्णय हुनुपर्ने कुरा एकनासले दोहोऱ्याइरहे। त्यस्तै, प्रहरीलाई अनुसन्धान तथा अदालतमा मुद्दा प्रस्तुत गर्ने सम्बन्धमा सरसल्लाह दिने जिम्मेवारी भएका सरकारी वकिलहरू पनि अनुसन्धानको उपयुक्त सञ्चालनलाई प्रवर्द्धन गर्न स्थापित कार्यविधिलाई उचित तरिकाले उपयोग गर्न बारम्बार विफल भएका छन्।

४. फौजदारी मुद्दाहरू फिर्ता, माफी तथा क्षमादान

१९. जवाफदेहीता तथा न्यायका सिद्धान्तहरू झनझन राजनीतिक आदेशअन्तर्गत गइरहेको तथ्य विभिन्न राजनीतिक दल तथा जातीय समूहहरूको दबाबमा हालैका वर्षहरूमा सरकारद्वारा फिर्ता लिइएका फौजदारी मुद्दाको ठूलो सङ्ख्याबाट प्रस्ट हुन्छ।

२०. विस्तृत शान्ति सम्झौताअनुसार "राजनीतिक रूपमा अभिप्रेरित" मुद्दाहरू फिर्ता लिइएको भन्ने सुरुको प्रष्टीकरणसँगै यो अभ्यास सन् २००८ बाट सुरु भयो। तर, त्यसयता यो अभ्यास राजनीतिक दल, सशस्त्र समूह तथा आदिवासी जनजाति समुदायले आफ्ना समर्थकविरुद्ध दर्ता भएका फौजदारी मुद्दाहरू फिर्ता लिइयोस् भन्ने माग सँगसँगै द्वन्द्वपछि भएका मुद्दाहरूसम्म पुगेको छ। एकपछि अर्को सरकारहरू यस्ता दबाबमा परी हत्या र बलात्कारजस्ता केही गम्भीर आरोप लागेका मुद्दाहरू फिर्ता लिने कुरामा सहमत भएका

छन् र तराईमा कार्यरत सशस्त्र समूहहरूसँग वार्ता गर्दा आममाफी दिइने प्रस्ताव पनि उनीहरू आफैले गरेका छन्। सर्वोच्च अदालतले सन् २००८ मा यस्ता मुद्दा फिर्ता लिने प्रक्रिया बन्द गर्नुपर्ने भनी निर्देशन दिंदै अन्तरिम आदेश जारी गरे तापनि यो अभ्यास जारी रहेको छ।

२१. यस्तो अभ्यासले कानुनी शासनमा राजनीतिक हस्तक्षेपलाई प्रोत्साहन गर्दछ र त्यसले गर्दा यस्ता मुद्दाहरूमा काम गर्ने प्रहरी अधिकारी, सरकारी वकिल तथा न्यायाधीशलाई हतोत्साहित बनाउने, आरोपित अपराधीहरू अभियोजनबाट बच्ने हुनाले सार्वजनिक असुरक्षा बढाउनमा योगदान पुऱ्याउने र शान्ति सुरक्षासँग सम्बन्धित संस्थाहरू र सरकारमाथि आम विश्वास अझ खस्काउने काम हुन जान्छ। संविधानसभाले विशेषगरी गम्भीर मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिहरूलाई दिइने क्षमादानलाई बाहेक नगरी राष्ट्रपतिले नयाँ संविधानमा क्षमा दिने प्रस्ताव गरेको कुरा पनि चिन्ताको विषय हो। सरकारले नयाँ मस्यौदा फौजदारी कार्यविधि संहिताले मुद्दा फिर्तासम्बन्धी केही प्रतिबन्धहरूलाई समेटेको कुरा बताएको छ।

५. प्रभावकारी सुपरिवेक्षण संयन्त्रको अभाव

२२. द्वन्द्वबाट पार पाइरहेका मुलुकहरूका लागि दिगो शान्ति र लोकतन्त्रतर्फको सङ्क्रमणकालीन अवस्थामा राष्ट्रिय सुरक्षासम्बन्धी निकायहरूको सुधार एक महत्त्वपूर्ण कदम हो र यस सम्बन्धमा विश्वसनीय तथा प्रभावकारी निगरानी संयन्त्रको स्थापना महत्त्वपूर्ण तत्त्व हो। तर, नेपालमा भएका सुपरिवेक्षण संयन्त्रहरू तथा प्रक्रियाहरूले दण्डहीनतालाई चुनौती दिने नगण्यमात्र काम गरेका छन्।

२३. उच्चायुक्तको कार्यालय-नेपालले सुरक्षाफौजद्वारा गरिएको भनिएका गैरन्यायिक हत्याका सम्बन्धमा आफ्नो सरोकारहरूको सारसङ्क्षेपमा (माथि प्रकरण ८ हेर्नुहोस्) यस्ता आरोपहरूमाथि छानबिन गर्न गठन गरिएका समिति तथा विशेष अदालतहरूलाई प्रायः ती घटनाहरूलाई ढाकछोप गर्न सेवा पुऱ्याउने औजारहरूको रूपमा देखिएको बताएको छ। उदाहरणका लागि, सन् २००९ जुनमा धनुषा जिल्लामा एक प्रहरी अधिकारीद्वारा भएको घातक गोली प्रहारपछि फौजदारी कानुनी कार्यविधिहरूको प्रयोग गरी घटनाको छानबिन गर्नुभन्दा प्रहरीले विशेष अदालतको स्थापना गऱ्यो जसले आरोपित प्रहरी अधिकारीविरुद्ध अनुशासनात्मक आर्थिक दण्डसजाय मात्र सुनायो।

२४. गृह मन्त्रालयले प्रहरी कर्मचारी संलग्न महत्त्वपूर्ण घटनाहरूको अनुसन्धान गर्न नियमित रूपमा जाँचबुझ आयोगहरूको पनि स्थापना गर्छ। तर, यी आयोगहरू कतिपय तहमा त्रुटिपूर्ण भएको प्रमाणित भएका छन्। यसका सदस्यहरू र छानबिनका दायरामा रहेका प्रहरी एउटै प्रहरी बलबाट आएका हुन्छन् जसले गर्दा त्यहाँ महत्त्वपूर्ण रूपमा स्वार्थको द्वन्द्व हुन जान्छ; यस्ता आयोगका कामकारबाही पारदर्शी हुँदैनन् र तिनले गर्नुपर्ने कामको कार्यविवरण तथा अन्तिम प्रतिवेदनहरू सामान्यतः सार्वजनिक गरिंदैनन्। त्यस्तै, सैनिक ऐनमा भएको एउटा प्रावधानले कोर्ट मार्सल कार्यविधिको व्यवस्था गरेको छ जसले वास्तवमा मानवअधिकार उल्लङ्घनहरूको थप अभियोजन हुनबाट रोक्छ। उदाहरणका लागि, मैना सुनुवारको मुद्दामा कोर्ट मार्सलको निर्णयले त्यसका लागि जिम्मेवार अधिकारीहरूलाई अस्थायी रूपमा निलम्बन गरेको थियो र त्यो नै उपयुक्त सजाय थियो भन्ने अडान सेनाले एकनासले राख्दै आएको छ।

२५. अन्त्यमा, राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरूको कार्यान्वयन गराउनमा भएको सरकारको विफलता पनि दण्डहीनतालाई सम्बोधन गर्नमा ठूलो बाधा हो। यसको स्थापनाको १० वर्षमा सरकारी निकायहरूद्वारा यी सिफारिसहरू ९ प्रतिशतभन्दा कम मुद्दाहरूमा मात्र पूर्ण रूपमा कार्यान्वयन भएका छन् र त्यो पनि पीडितहरूलाई वास्तविक अभियोजनमा सहयोग गर्नुभन्दा आर्थिक क्षतिपूर्तिको हदसम्म मात्र। सरकारले आयोगका निर्णयहरूको कार्यान्वयन दरमा सुधार ल्याउन अनुवर्ती संयन्त्रको स्थापना गरेको बताएको छ।

ग. कानुनी चुनौतीहरू

१. अन्तर्राष्ट्रिय अपराधहरूको अपराधीकरण

२६. गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारहरूको अभियोजनका लागि राष्ट्रिय कानुनी खाका अपर्याप्त रहेको छ। राज्यको अन्तराष्ट्रिय कानुनी दायित्वअनुरूप अभियोजन गरिनुपर्ने यातना, बलपूर्वक बेपत्ता पार्ने कार्य तथा मानवताविरोधी अपराधजस्ता

गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनहरूलाई अझै पनि नेपाली कानुनबमोजिम अपराधीकरण गरिएको छैन। तर, सरकारले हाल यातना, बलपूर्वक बेपत्ता पार्ने कार्य तथा मानवताविरुद्धका अपराधहरूलाई अपराधीकरण गर्ने प्रावधानसहितको विस्तृत दण्डसंहिताको मस्यौदा गरिरहेको छ।

२७. सन् २०१० को सुरुमा बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा संसद्मा प्रस्तुत गरेपछि यस्तो कार्यलाई अपराधीकरण गर्नमा केही सकारात्मक प्रगति भएको छ। तैपनि, सो मस्यौदा पूर्ण रूपमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप छैन र संसद्बाट पारित हुन बाँकी नै छ। त्यसका अतिरिक्त, सन् २००७ मा सर्वोच्च अदालतले यातना तथा दुर्व्यवहारका कार्यलाई अपराधीकरण गर्ने आदेश दिए तापनि विद्यमान कानुन त्यस्ता कार्यलाई अपराधीकरण गर्न विफल भएको छ। सरकारले यातनालाई अपराधीकरण गर्दै नयाँ विधेयकको घोषणा गरे पनि यसलाई सार्वजनिक वा संसद्मा टेबल गरिएको छैन र मस्यौदा प्रक्रियामा कुनै पनि परामर्श गरिएको थिएन।

२८. नागरिक समाजका अनेकौं पहलहरू तथा सन् २००६ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको पक्षराष्ट्र हुन सरकारलाई निर्देशन दिंदै पारित गरिएको संसदीय प्रस्तावका बाबजुद सोसम्बन्धी प्रस्ताव अझै प्रस्तुत गर्न बाँकी नै छ।

२. सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना

२९. सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापनाका लागि गरिएको संवैधानिक व्यवस्था तथा अन्य प्रतिबद्धताका बाबजुद ती संयन्त्रहरूको स्थापना हुन सकेको छैन। सन् २०१० को सुरुमा दुईवटा आयोगहरूको स्थापनार्थ सरकारले संसद्मा मस्यौदा विधेयक पेस गर्ने कार्य एउटा सकारात्मक कदम थियो तर यी दुवै विधेयक हाल विधायन समितिमा रहेकाले यसमा थप प्रगति हुन सकेको छैन।

३०. सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकको मस्यौदा संसद्मा पेस गर्नुभन्दा पहिले शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा उच्चायुक्तको कार्यालय-नेपालको सहयोगमा शृङ्खलाबद्ध सार्वजनिक परामर्शहरू गरी सो विधेयकलाई परिमार्जन गरिएको थियो। त्यसबाट आयुक्तहरूको चयन गर्ने पारदर्शी प्रक्रिया तथा कर्मचारी नियुक्ति गर्ने आयोगको स्वतन्त्र क्षमतालाई सुनिश्चित गर्ने प्रावधानहरू थप्नेलगायत यसलाई सम्बद्ध मानवअधिकार मापदण्डअनुकूल बनाउन थप परिवर्तनहरू गर्नु आवश्यक छ। त्यसका अतिरिक्त, प्रस्तुत मस्यौदामा आममाफीको प्रावधान पनि पर्दछ जसले अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अनुसन्धान गर्ने तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराधहरूलाई अभियोजन गर्ने राज्यका दायित्वहरूलाई कमजोर बनाउन सक्छ। मेलमिलाप पद्धतिमाथि दिइएको जोडले पीडितका अधिकारहरू र पीडित तथा साक्षीहरूको संरक्षणको आवश्यकतालाई कमजोर बनाउन सक्छ।

३१. बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी विधेयकका पहिलेका मस्यौदाहरूको तुलनामा सन् २०१० को सुरुमा पेस गरिएको मस्यौदा विधेयक उच्चायुक्तको कार्यालय-नेपाल तथा अन्य संस्थाका सिफारिसहरूलाई समेत ध्यानमा राखेर सबल बनाइएको छ। तर, कसुरहरूलाई अपराधीकरण गर्ने र बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी छानबिन आयोग गठन गर्ने कानुनी खाकाका सम्बन्धमा यस विधेयकमा अझै गम्भीर कमजोरीहरू छन्। यी कमजोरीहरूमा प्रमाणको भार अभियुक्तमा सार्नु, अपराधको परिभाषा अन्तर्राष्ट्रिय कानुनबमोजिम नहुनु, अपराधको गम्भीरतालाई प्रतिविम्बित नगर्ने अपर्याप्त सजाय, उजुरी दायर गर्न प्रतिबन्धात्मक कानुनी सीमा र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराध भनी घोषणा गर्न भएको विफलता पर्दछन्। त्यस्तै, भावी आयोगका लागि आयुक्तहरूको चयन गर्ने पारदर्शी प्रक्रिया उल्लेख गर्न पनि मस्यौदा विफल भएको छ। बलियो र उपयुक्त कानुनको पारिति र दुईवटा सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरूको तत्काल गठन शान्ति प्रक्रियाको अत्यन्त महत्त्वपूर्ण तत्त्व हो र यसलाई प्राथमिकता दिई अगाडि बढाइनुपर्छ।

३. मस्यौदा संविधान

३२. हाल जारी रहेको संविधान निर्माण प्रक्रियाले विगतमा भएका मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारहरूलाई समाधान गर्ने बाटो तयार गर्दै र यस्ता कार्यहरू नदोहोरिने कुराको प्रत्याभूति निर्माण गर्दै मानवअधिकार तथा न्यायप्रतिको सम्मानमा निर्मित राज्यका लागि बलियो आधार निर्माण गर्ने एक ऐतिहासिक अवसर प्रदान गरेको छ। हालको मस्यौदाको मौलिक अधिकारसम्बन्धी दफामा केही महत्त्वपूर्ण सबल पक्षहरू छन् जसले नेपालमा मानवअधिकारको प्रभावकारी संरक्षण र प्रवर्द्धनमा ठूलो योगदान पुऱ्याउन सक्छन्। तर, भावी संविधानको खाकाभित्र रहेर जवाफदेहीतालाई प्रवर्द्धन गर्न भावी छलफलका क्रममा केही विवादास्पद क्षेत्रहरूलाई सम्बोधन गर्नु

आवश्यक हुनेछ। उदाहरणका लागि, मस्यौदामा अतीतप्रभावी फौजदारी कानुनहरूमाथि आम प्रतिबन्ध लगाइएको भए तापनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिमा छुट दिइएका अन्तर्राष्ट्रिय अपराधहरूका अपवादलाई मान्यता दिन यो मस्यौदा विफल भएको छ।

३३. प्रभावकारी न्यायिक उपचार तथा परिपूरणमा पीडितहरूको अधिकारको संरक्षण गर्न र विशुद्ध सैनिक प्रकृतिका बाहेक सबै कसुरहरूमाथि नागरिक अदालतको प्रभुत्व स्थाना गर्न भावी संविधानले माफी तथा मुद्दा फिर्तालगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधका सम्बन्धमा वास्तविक वा कानुनी आममाफीको व्यवस्था गर्ने कुनै पनि उपायलाई सम्बोधन गर्नुपर्छ।

४. राष्ट्रिय मानवअधिकार आयोग ऐनको मस्यौदा

३४. यस वर्ष धनुषामा गरिएको शव उत्खनन (तलका प्रकरण ३६-३७ हेर्नुहोस्) ले नेपालको राष्ट्रिय मानवअधिकार आयोगसँग दण्डहीनताविरुद्ध लड्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सामर्थ्य रहेको कुरा देखाएको छ। तर, सरकारले प्रभावकारी रूपमा मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न सक्ने संस्थाको निर्माणका लागि हालसम्म प्रतिबद्धता व्यक्त गरेको छैन र संसद्ले प्रभावकारी रूपमा काम गर्ने आयोगका लागि आवश्यक कानुन हालसम्म पारित गर्न बाँकी नै छ।

३५· सन् २००९ अगस्तमा सरकारद्वारा नयाँ मस्यौदा कानुन संसद्मा प्रस्तुत गरिएको थियो तर यसमा थप प्रगति हुन सकेको छैन। सरकारले आयोगलाई सशक्त र जीवन्त बनाउने प्रतिबद्धता व्यक्त गरे पनि मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि राष्ट्रिय संस्थाहरूको हैसियतसम्बन्धी सिद्धान्त (पेरिस सिद्धान्त) अनुसार सक्षम, स्वतन्त्र तथा विश्वसनीय राष्ट्रिय मानवअधिकार आयोगका लागि मस्यौदाले कतिसम्म बलियो कानुनी आधार प्रदान गरेको छ भन्नेबारे उच्चायुक्तको कार्यालय-नेपाल र आयोगले केही सरोकारहरूको पहिचान गरेका छन्। उदाहरणका लागि, मस्यौदाले स्पष्ट रूपमा "स्वतन्त्र तथा स्वायत्त" संस्थाको स्थापना गर्न भनेको छैन र यसले आयोगलाई आफ्ना कर्मचारी सीधै भर्ना र नियुक्ति गर्न पाउने क्षमतालगायतका पर्याप्त कार्यगत स्वतन्त्रता प्रदान गर्दैन। यसका अतिरिक्त, आयुक्तहरूको नियुक्ति प्रक्रियामा कार्यकारी शाखाको प्रभुत्व रहेको छ र आयुक्तहरूको बहुलवादी प्रतिनिधित्व सुनिश्चित गर्ने कुनै पनि समावेशी प्रणाली छैन। त्यसबाहेक, विधेयकले राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू बाध्यकारी हुने व्यवस्था गर्नुभन्दा यसलाई कमजोर, सल्लाहकारी भूमिका दिएको छ र मानवअधिकारलाई प्रभाव पार्ने कानुनको मस्यौदा गर्दा आयोगसँग परामर्श गर्न संसद्लाई बाध्य पार्दैन।

घ· उत्साजनक घटनाक्रम

१· धनुषामा शव उत्खनन

३६· सन् २००३ अक्टुबरमा, सुरक्षाफौजका सदस्यहरूद्वारा पाँच विद्यार्थीहरूलाई कथित रूपमा बेपत्ता पारियो। विश्वसनीय आरोपहरूले ती विद्यार्थीहरू मारिएको र उनीहरूका शवलाई धनुषा जिल्लाको कुनै ठाउँमा पुरिएको कुरा बताउँछन्। विद्यार्थीका आफन्तहरूद्वारा न्याय प्राप्तिका लागि भएका लगातार र निरन्तर प्रयासहरूका बाबजुद सन् २००९ सेप्टेम्बरसम्म प्रहरीले फौजदारी उजुरी दर्ता गर्न निरन्तर विरोध गर्दै रह्यो र सर्वोच्च अदालतबाट निर्देशन पाएपछि मात्र उसले सो उजुरी दर्ता गऱ्यो। सम्बन्धित सरकारी वकिलबाट शव उत्खनन गर्नेलगायतका सम्बन्धमा दिइएका विस्तृत निर्देशका बाबजुद प्रहरीले अनुसन्धान गर्न ढिलासुस्ती गरेको थियो।

३७· तर, २०६७ भदौ १९ गते, घटनाको करिब सात वर्षपछि र सरकारसँगको निरन्तर वकालतीपछि, राष्ट्रिय मानवअधिकार आयोगले प्रहरी र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय विधिविज्ञान विशेषज्ञहरूको साथमा पुरिएको भनिएको स्थानमा उत्खनन सुरु गऱ्यो र त्यहाँबाट चार मानवकङ्काल र केही अन्य प्रमाणहरू निकालिए। विधिविज्ञान परीक्षणले पीडितहरूको अवस्था स्पष्ट पार्ने अपेक्षा गरिएको छ।

३८· यस उत्खननमा भएको सफलताले दण्डहीनतालाई सम्बोधन गर्न, प्रहरीलाई उचित ढङ्गले उसको कानुनी काम सञ्चालन गर्न पैरवी गर्न राष्ट्रिय मानवअधिकार आयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने कुरा दर्साउँछ। यस उत्खननले थाती रहेका यस्ता सबै मुद्दाहरूको अनुसन्धान गर्नु प्रहरीको दायित्व भएको कुरामाथि जोड दिंदै, भावी सङ्क्रमणकालीन न्याय संयन्त्रहरूले नियमित कानुनी

प्रक्रियाको स्थान नलिने कुराको नजिर पनि स्थापना गरेको छ। यस प्रगतिशील कदमलाई अगाडि बढाउनुपर्छ तथा सार्वजनिक अभियोजनसम्बन्धी निर्देशनहरूको पालना र पीडकहरूलाई न्यायको कठघरामा ल्याउने कुरा सुनिश्चित गर्न प्रहरी अनुसन्धानलाई नजिकबाट अनुगमन गर्नुपर्छ। राष्ट्रिय मानवअधिकार आयोगको कार्यादेश र यस्ता प्रक्रियाको सञ्चालनमा प्रहरीको केन्द्रीय भूमिका उपयुक्त रूपमा प्रष्ट पार्नेलगायतका काम गरेर सम्बद्ध साझेदारहरूको सहयोगमा आयोगलाई उसको महत्त्वपूर्ण भूमिका निर्वाह गर्न थप सशक्त बनाइनु महत्त्वपूर्ण छ।

२· भावी सङ्क्रमणकालीन संयन्त्रलाई सहायता

३९· सत्य निरूपण तथा मेलमिलाप आयोगका लागि आफ्नो काम सम्पन्न गर्न दुई वर्षमात्र समय हुने भएकाले यसले स्थापना भएपछि वस्तुगत तथ्याङ्ककको सन्दर्भमा तत्काल आफ्नो कामको योजना गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ। यस्ता कार्यको ऐतिहासिक महत्त्व र प्राविधिक मागलाई स्वीकार गर्दै, उच्चायुक्तको कार्यालय-नेपालले नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्ति कोषअन्तर्गत आयोगहरूका रणनीतिक योजना तथा कार्यमा सहयोग पुऱ्याउन तथ्याङ्क सङ्कलन गरी त्यसको विश्लेषण गर्न एउटा परियोजना सञ्चालन गरिरहेको छ।

४०. शान्ति तथा पुनर्निर्माण मन्त्रालय र नागरिक समाजसँगको परामर्शपछि नेपाली तथा अन्तर्राष्ट्रिय विज्ञहरूको एउटा टोलीले सन् २०१० मा द्वन्द्व अवधिका करिब ७,००० घटनाहरूको तथ्याङ्क तयार पारे, जसमा मानवअधिकार वा अन्तर्राष्ट्रिय मानवीय कानुनका उल्लङ्घन र दुरुपयोगका घटनाहरू भएको आशङ्का गर्ने मनासिब आधार रहेको छ। उच्चायुक्तको कार्यालय-नेपाललगायत विभिन्न विश्वसनीय संस्थाहरूका प्रतिवेदनबाट परिष्कृत विखण्डित तथ्याङ्कको सङ्ग्रहले आयोगहरूलाई रणनीतिक योजना तथा अनुसन्धानमा सहयोग पुऱ्याउन सन्दर्भ दिन तत्काल प्रयोग गर्न सकिने औजार उपलब्ध गराउनेछ। यस टोलीले द्वन्द्वसँग सम्बन्धित २५,००० भन्दा बढी कागजातहरूको एउटा सन्दर्भ अभिलेखालय समेत तयार गरेको छ जसले सामग्रीहरूको राष्ट्रिय अभिलेखालयको लागि आधार प्रदान गर्नेछ। यस अभ्यासको फलस्वरूप एउटा प्रतिवेदन तयार हुनेछ जसले आयोगहरूलाई लागु अन्तर्राष्ट्रिय कानुनमा मार्गदर्शन गर्ने, द्वन्द्वरत पक्षहरूको चेन अफ कमानको यथार्थ जानकारी, घटनामा आधारित अनुसन्धान र प्रवृत्तिको विश्लेषण र गैरकानुनी हत्या, बेपत्ता पारिएको, यातना र यौन हिंसासँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनहरू उपलब्ध गराउने अध्यायलगायत प्रमुख सूचना र अनुसन्धान उपलब्ध गराउनेछ।

V. विभेदविरुद्धको लडाईं

क. विहङ्गम दृष्टि

४१. विभेद विरोधी कानुनहरू पालना गराउने कार्य तथा तिनको कार्यान्वयनमा उल्लेखनीय त्रुटिकमजोरीहरू रहेकै छन्। दलित[४] लगायत सीमान्तीकृत समुदायहरू र लैङ्गिक हिंसाबाट पीडित व्यक्तिहरूले न्यायमा पहुँच प्राप्त गर्न धेरै बाधाहरूको सामना गर्नुपरेको छ। मोटामोटी रूपमा जात र जातीयतामा आधारित विभेद दसवर्षे द्वन्द्वका प्रमुख कारणहरूमध्ये एक रहेको कुरा पहिचान गरिएको छ र यस्ता अभ्यासहरू समस्त नेपाली समुदायहरूमा, विशेषगरी कम विकसित र बढी दुर्गम क्षेत्रहरूमा, विद्यमान रहेकै छन्। आफूले कानुनी सुरक्षाहरू लागु गर्नुका अतिरिक्त स्थानीय सरकारी तहमा सामाजिक उपायहरूमा खर्च बढाएको र चेतना अभिवृद्धि कार्यक्रमहरू कार्यान्वयन गरेको भनी सरकारले बताएको छ। तथापि, सार्वजनिक धारा, मन्दिर र अन्य सार्वजनिक स्थल जस्ता अत्यन्त आवश्यक ठाउँहरूमा जानबाट दलितहरूलाई प्रायः वञ्चित गरिएको छ। पेसागत पृथकीकरणले दलितहरूको रोजगारीको पहुँचमा क्षति पुऱ्याउँछ र उनीहरूलाई परम्परागत रूपमा तोकिएका काममा सीमित गरी वैकल्पिक रोजगारीका लागि सामाजिक अवरोधहरू खडा गर्दछ। यी अभ्यासको विरोध गर्नेहरूले थप सामाजिक वहिष्करणको खतराको मात्र होइन हिंसाको समेत सामना गर्नुपर्ने हुन्छ। जसले यस्ता विभेदकारी परम्परागत अभ्यासहरूको विरोध गर्छन् उनीहरू भौतिक आक्रमण, आगजनी, जबर्जस्ती विस्थापन, यौन हिंसा, श्रम शोषणको तारो बनेका उदाहरणहरू उच्चायुक्तको कार्यालय-नेपालले सूचीबद्ध गरेकोछ।

४२. यौन र लैङ्गिक हिंसा पनि नेपालमा व्यापक रूपमा रहेको छ। सरकार, नागरिक समाज र अन्य सरोकारवालाहरूले यी सवालहरूमा अझ बढी ध्यान केन्द्रित गरिरहेको भए पनि, धार्मिक तथा साँस्कृतिक चलन, विभेदकारी कानुनी प्रावधानहरू र

[४] हिन्दु संस्कृतिमा भएका विश्वासअनुसार, दलितहरूलाई □अशुद्ध र प्रदुषित गर्ने□ मानिन्छ र □अछुत□ भनी लाञ्छना लगाइन्छ।

महिलाहरूको हैसियतप्रति पितृसत्तात्मक संस्थागत दृष्टिकोणलगायतका केही तत्त्वहरूले न्यायको पहुँचमा बाधा पुऱ्याएका छन्। फलस्वरूप कथित लैङ्गिक हिंसाका धेरै घटनाबारे सम्बन्धित अधिकारीहरूसमक्ष जानकारीसम्म नगराइएको र पीडितहरू आफ्नो परिवारबाट अस्वीकृत हुने र (पीडकबाट) बदला लिइने डरका कारण उजुरी दर्ता गराउन अनिच्छुक रहेको उच्चायुक्तको कार्यालय-नेपालले पाएको छ।

४३. राज्यअधिकारीहरूले आपराधिक घटनाहरूमा कानुनले तोकेबमोजिम कारवाही गर्न नसक्नु र फौजदारी न्याय प्रणालीबाहिर गएर □मध्यस्थता□ प्रक्रियाको सहारा लिने झुकावका कारण जातीय विभेद र यौन तथा लैङ्गिक हिंसाबाट पीडितहरूको न्यायमा पहुँच नहुनु प्रायः ती अधिकारीहरूको विफलताको परिणाम हो। यस्तो दृष्टिकोणले विभेदकारी कार्य गर्ने पीडकहरूका लागि व्यापक दण्डहीनता बढाउन मद्दत गर्छ।

ख. संस्थागत तथा संरचनागत चुनौतीहरू

१. न्यायमा पहुँच नहुनु: कसुरहरूलाई आपराधिक कार्यको रूपमा कारर्वाई गर्नमा विफलता

४४. वर्तमान कानुनअन्तर्गत, बलात्कार तथा □बोक्सी□को आरोप लगाइएका व्यक्तिहरूको उत्पीडनलगायत महिलाविरुद्ध हिंसासँग सम्बन्धित कसुरहरू जस्तै जातीय विभेद पनि कैद वा जरिमाना हुने एक फौजदारी कसुर हो। तर, जात, लिङ्ग तथा यौनिकताका आधारमा विभेदकारी अभ्यासहरू नेपालभरि व्यापक रहेको अवस्थामा, यी अपराधहरूको अभियोजनको न्यूनताले पीडितहरूको न्यायमा पहुँच नरहेको तथा राज्यअधिकारीहरू, विशेषगरी प्रहरी, ले त्यस्ता कसूरलाई अपराधको रूपमा उचित कारवाही गर्न विफल भएको दर्साउँछ।

४५. अपराध भएको प्रथम दृष्ट्या प्रमाण विद्यमान रहेको अवस्थामा पीडित पक्षले कुनै पनि औपचारिक उजुरी दर्ता नगराए पनि प्रहरीले जातीय विभेदको मुद्दा स्वतः दर्ता गर्नुपर्ने दायित्व हुन्छ। तर, घटना दर्ता गर्ने सम्बन्धमा विचार गर्नुअघि प्रहरीले प्रायः पीडितबाट प्रत्यक्ष बयान लिनुपर्ने हुन्छ र पीडित अग्रसर भएर आउँदा समेत प्रहरीले घटनालाई रीतपूर्वक दर्ता गर्ने कार्य चुनौतीकै रूपमा रहन्छ। उदाहरणका लागि, सन् २०१० सेप्टेम्बरमा कञ्चनपुर जिल्लामा एक □उच्च जात□का व्यक्तिले एक दलित महिलालाई उनी दलित भएकै कारण गम्भीर आक्रमण गरे र पछि परिवारको लगभग सबै सम्पति नष्ट हुनेगरी तिनको घर जलाइदिएको आरोप लाग्यो। घटनाको अनुसन्धान गर्न छाडेर प्रहरीले पीडितलाई स्थानीय प्रशासनबाट सम्पति नष्ट भएको लिखित कागज ल्याउन पठाइदियो। विदेशबाट पीडितका श्रीमान् घर फर्केर आएपछि मात्र प्रहरीले घटना दर्ता गऱ्यो र त्यो पनि विभेद, आगजनी तथा बलात्कार गरेको बढी गम्भीर फौजदारी अभियोगमा नभई सार्वजनिक अपराधमा। सन् २०१० नोभेम्बरमा आरोपित पीडकले पीडितको जे जति बाँकी रहेको सम्पति थियो त्यसमा आगो लगाइदियो जसमा पीडितको परिवारका दुई सदस्य घाइते समेत भए।

४६. लैङ्गिक हिंसाका सम्बन्धमा, यौनजन्य आक्रमण र बोक्सीको आरोप लागेका महिलाविरूद्धको हिंसा दुवै फौजदारी कसुरहरू हुन् जसमा प्रहरीले स्वतः मुद्दा दर्ता गर्नुपर्छ। तर, प्रहरीले यस सन्दर्भमा आफै अग्रसर भएर कदम चालेका उदाहरणहरू बिरलै पाइन्छन् र पीडितले कुनै अपराधबारे प्रहरीलाई रिपोर्ट गरेको अवस्थामा समेत प्रहरीले मुद्दा दर्ता गर्न मेडिकल रिपोर्ट ल्याउनुपर्ने प्रावधान नभए पनि त्यस्तो रिपोर्ट ल्याउन जोड गर्नेलगायतका कार्य गरी दर्ता प्रक्रियामा ढिलाइ गरेका उदाहरण धेरै छन्। सन् २०१० फेब्रुअरीमा कैलाली जिल्लामा एक दस वर्षीया दलित बालिकालाई बलात्कार गरिएको आरोप थियो। दुई दिनपछि पीडितका एक आफन्तले प्रहरीमा उजुरी दिए पनि, यो घटना प्रहरीबाट ३५ दिने कानुनी हद म्यादभित्र दर्ता भएन र आरोपित पीडकविरुद्ध कुनै पनि फौजदारी कारबाही गरिएन।

२. फौजदारी न्याय प्रणालीका थप कमजोरीहरू

४७. विभेदसम्बन्धी घटनाबारे अनुसन्धान वा अभियोजन गरिएको बिरलै पाइने उदाहरणहरूमा, फौजदारी न्याय प्रणालीमा प्रगति सुस्त र अप्रभावकारी देखिने गरेको छ। प्राविधिक प्रकृतिका कमजोरीहरू भएका केही घटनाहरू हुनसक्लान्: उदाहरणका लागि, लैङ्गिक हिंसाका पीडितहरूलाई उचित रूपमा सहायता पुऱ्याउन र जातीय विभेदसम्बन्धी मुद्दाहरूमा कारबाही गर्न प्रशिक्षित प्रहरी अधिकृतहरूको अभाव। कानुन कार्यान्वयन गराउने अधिकारीहरूका कार्यकलापबाट उनीहरूमा लैङ्गिक संवेदनशीलताको अभाव रहेको र उनीहरूले उचित कानुनी प्रक्रिया अनुसरण गर्न नसकेको देखिन्छ। शताब्दीयौंदेखि पारम्परिक विभेदकारी अभ्यासहरूलाई सामाजिक

जीवनको सामान्य पक्षको रूपमा स्वीकार गरिएको नेपाली सन्दर्भमा, उजुरीहरू पेस गरिएको वा नगरिएको जे भए पनि यस सम्बन्धमा प्रगति हासिल गर्ने हो भने स्पष्ट र विस्तृत निर्देशन तथा कार्यविधिहरू अत्यावश्यक हुन्छन्।

४८. अदालती निर्णय भएका बिरलै पाइने ती उदाहरणहरूमा पीडकहरूले यथार्थमा हिरासतमा बस्ने सजाय बिरलै भुक्तान गरेका छन्। यो मूलतः पक्राउ पुर्जी पठाउने अथवा पीडकहरू कहाँ छन् भनेर पत्ता लगाउनमा भएको प्रहरीको विफलताले गर्दा भएको हो। उदाहरणका लागि, बैतडीमा सन् २००९ जनवरीमा भएको एउटा ऐतिहासिक फैसलामा एकजनालाई छुवाछुत अभ्यास गरेकोमा दोषी पाइयो र निजलाई दुई वर्ष कैद र जरिमानाको सजाय सुनाइयो। तर, यो प्रतिवेदन लेख्दासम्म, पुनरावेदन गरेकोमा त्यो सुरुको फैसलालाई नै सही ठहऱ्याइएको १५ महिनाभन्दा बढी समय बितिसक्दा पनि पीडक फरार भई जरिवाना नतिरेको मात्र नभई वास्तवमा निजलाई सरकारी मन्त्रालयद्वारा सार्वजनिक पदमा मनोनयन गरियो। जिल्ला अदालतको फैसला भएको दुई वर्ष बितिसक्दा समेत जिल्ला प्रहरी कार्यालय अन्य जिल्लाहरूमा पक्राउ पुर्जी परिपत्र गर्न विफल रहेको थियो। बैतडी जिल्ला अदालतद्वारा सन् २०१० मार्चमा यस्तै प्रकारको मुद्दामा दोषी पाइएका अर्का पीडकले पनि यो प्रतिवेदन लेख्दासम्म सजाय पाएका थिएनन्।

४९. राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानवअधिकार आयोगलगायत यस्ता मुद्दाहरूमा ध्यान केन्द्रित गर्न विशिष्ट कार्यादेश भएका राष्ट्रिय मानवअधिकार संस्थाहरूको अस्तित्वले विभेदसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न थप सम्भावनाहरू प्रदान गरेको छ। तर, सन् २०१० मा दलित तथा महिला आयोगहरूबाट स्थानीय स्तरका मुद्दाहरूमा संलग्न हुने र त्यसबारे प्रतिक्रिया गर्ने प्रयासलगायत केही सकारात्मक विकास भए पनि तीनवटै आयोगमा स्रोतहरूको उल्लेखनीय कमी रहेको छ र तिनका सिफारिसहरूको कार्यान्वयनको दर न्यून छ।

३. फौजदारी न्याय प्रणालीभन्दा बाहिरका उपायहरू अपनाउनुः □मध्यस्थता□

५०. कानुनबमोजिम घटना दर्ता गरी औपचारिक रूपमा फौजदारी अनुसन्धान थाल्नुभन्दा पनि विभेदसम्बन्धी फौजदारी मुद्दाहरूको अनौपचारिक रूपमा किनारा लगाउन, सामान्यतः □मध्यस्थता□मार्फत्, पीडित वा उजुरीकर्ताहरूलाई प्रोत्साहन गर्नु प्रहरीका लागि अत्यन्त सामान्य काम भएको छ। यस्ता प्रक्रियाहरू फौजदारी न्याय प्रणालीभन्दा बाहिर हुने भए तापनि, पीडितलाई कथित पीडकसँग सम्झौता गर्न, विशेषतः पार्टीसँग सम्बन्द्ध कुनै व्यक्ति भएमा प्रायः स्थानीय राजनीतिक दलहरूको दबाबमा, प्रोत्साहन गर्ने प्रायः प्रहरी वा स्थानीय राज्यअधिकारीहरू नै हुन्छन्। उदाहरणका लागि, माथि (प्रकरण ४६) उल्लिखित सन् २०१० फेब्रुअरीमा भएको एक १० वर्षीया बालिकाको बलात्कारका सम्बन्धमा, स्थानीय राजनीतिज्ञहरूको दबाबमा (पीडकको परिवारको सम्बन्धन भएको हुनाले) सो मुद्दामा जिल्ला प्रहरी कार्यालयको मध्यस्थतामा अनौपचारिक रूपमा क्षतिपूर्ति तिरेर त्यसको टुङ्गो लगाइयो। माथि (प्रकरण ४५ मा) उल्लेख गरिएकी दलित महिलालाई बलात्कारको उद्योग र आगजनी गरिएको भन्ने विभेदसम्बन्धी मुद्दामा जिल्ला प्रहरी कार्यालयको मध्यस्थतामा पीडितले रु ४०,००० □क्षतिपूर्ति□ स्वरूप प्राप्त गरिन। यस्ता मुद्दाहरूका कार्यविधिबारे रहेको स्पष्ट निर्देशनको अभावका साथै समुदायमा □सामाजिक सामञ्जस्य□ कायम राखिराख्न यो आवश्यक छ भन्ने भ्रमपूर्ण विश्वासले गर्दा निश्चय नै यस अभ्यासलाई बल पुऱ्याएको छ।

५१. विशेष परिस्थितिहरूमा मध्यस्थता संयन्त्रहरू कानुनको परिपूरक हुन सक्छन् तथापि जातीय विभेद र लैङ्गिक हिंसाजस्ता गम्भीर फौजदारी कसुरहरूका सम्बन्धमा यी नेपालको फौजदारी कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत पीडितको प्रभावकारी उपचारको अधिकारविरुद्ध छन्। यस प्रकारले यी अभ्यासहरूले विभेद, हिंसा, अपमान र दण्डहीनताको एउटा चक्रलाई निरन्तरता दिन्छन्।

४ न्याय प्राप्तिमा रहेका सामाजिक-आर्थिक तथा साँस्कृतिक अवरोधहरू

५२. राज्यअधिकारीहरूले खेल्ने भूमिकाका अतिरिक्त न्यायमा पहुँच पाउन अनेकौं सामाजिक, आर्थिक तथा साँस्कृतिक अवरोधहरू रहेका छन्। लामो समयदेखि विद्यमान रहेको सामाजिक निषेध, समुदायभित्र बहिष्कृत भइने डर, जानकारीको अभाव, भौगोलिक दुर्गमता तथा वित्तीय चुनौतीहरूले प्रहरीमा गएर उजुरी दर्ता गर्न तथा कानुनी रूपमा क्षतिपूर्ति खोज्नबाट पीडितहरूलाई दुरुत्साहन गर्छ।

५३. जातीय तथा लैङ्गिक विभेदका पीडितहरू नेपाली समाजको प्रायः निर्धनतम् तहबाट आएका हुन्छन्। उनीहरूलाई सामान्यतया आफ्ना अधिकारबारे जानकारीमा पहुँचको अभाव हुन्छ र फौजदारी मुद्दा सुरु गर्न तिनले प्रहरी अधिकारीसम्म पहुँच पाउनमा भाषिक अवरोधलगायतका अन्तर्निहित कठिनाइहरूको सामना गर्नुपर्छ। त्यसबाहेक, कदम चाल्नेबारे विचार गर्दा वा त्यस्तो कदम चाल्दा वा विभेदकारी अभ्यासहरूलाई चुनौती दिंदा दलितहरूले पनि आफ्नो सुरक्षामा अनुभूत वा वास्तविक धम्कीहरूको सामना गर्नुपर्ने हुन्छ। धेरैजसो दलितहरू उच्च जातका छिमेकीहरूमा निर्भर हुनुका साथै असमान शक्ति सम्बन्धमा जकडिएका हुन्छन्। कारबाही थाल्दा हुने खतराहरूमा सामाजिक बहिष्करण, आर्थिक बहिष्करण र वास्तविक भौतिक हिंसा पर्दछन्। उदाहरणका लागि, सन् २०१० मईमा सार्वजनिक धाराको साझा उपयोगलाई लिएर एउटी दलित महिलालाई एक उच्च जातका मान्छेले आक्रमण गर्दा उनको टाउकोमा गम्भीर चोट लाग्यो। त्यसबाहेक, हलियाहरूलाई तिनका जग्गाधनीसँग बँधुवा मजदुरको सम्बन्धबाट □मुक्त□ गर्ने सन् २००८ को सरकारी निर्देशनका बाबजुद, आफू बसेको घर छाड्दा आर्थिक अभावमा पर्ने डरले उनीहरूमध्ये धेरैजना पुस्तौंदेखि चल्दैआएको उही ऋण मजदुर सम्झौतामा बसेका छन्।

ग. कानुनी चुनौतीहरू

१. जातीय विभेदको अपराधीकरण

५४. अन्तरिम संविधान र मुलुकी ऐन दुवैले छुवाछुतलाई निरन्तरता दिने कार्यलाई कैद वा जरिवाना हुनेगरी जातिगत विभेदलाई अपराधीकरण गरेको छ। वि.सं. २०२० को मुलुकी ऐनजस्ता अगाडिका कानुनहरूले जातीय विभेद अन्त्य गर्ने प्रयास गरेका थिए तर वर्तमान कानुनी खाका जातीय विभेदका अभ्यासहरूलाई प्रभावकारी रूपले नियन्त्रण गर्न वा पीडकहरूलाई सजाय दिन अपर्याप्त प्रमाणित भएको छ। मुलुकी ऐनको प्रावधानमा भएको अस्पष्टताले गर्दा सरकारी अधिकारीहरू विभेदका विशिष्ट कार्यहरूलाई अपराधको रूपमा बुझ्न विफल हुन्छन् र त्यसैको फलस्वरूप उपयुक्त कारबाही गर्दैनन्। तोकिएका दण्डसजाय र ३५ दिने हदम्याद अपर्याप्त छन् र क्षतिपूर्ति तिर्नुपर्ने संवैधानिक आवश्यकता भए पनि त्यससम्बन्धी कुनै पनि प्रावधान ऐनमा राखिएको छैन। कानुनी सहायता ऐनले निःशुल्क कानुनी सहायता र सीमित आर्थिक स्रोत भएका पीडितहरूका निम्ति अविलम्ब राहतको व्यवस्था गर्नुपर्ने व्यवस्था गरे पनि, यस ऐनको पालना राम्ररी गरिएको छैन र अधिकांश मुद्दाहरूमा पीडितहरू यस्ता सहयोगबारे अनभिज्ञ हुन्छन्।

५५. यसको आलोकमा जातीय विभेद र छुवाछुतका अपराध उन्मूलन तथा सजाय विषयक सन् २००९ जुलाईमा संसद्मा पेस गरिएको मस्यौदा विधेयक कसुरहरूको उचित किसिमले संहीताकरण गर्नमा तथा उठाउनैपर्ने कदमहरूको दिशामा एउटा सकारात्मक कदम हो। यस मस्यौदा विधेयकले विभेद सरह मानिने ती कार्यहरूको विवरण दिएको छ तथा त्यस्ता कसुरहरू गर्न उक्साउने र अनुसन्धानमा अवरोध पुऱ्याउने कार्यलाई अपराधीकरण गर्नुका साथै सार्वजनिक पद धारण गर्ने पीडकहरूका लागि सजाय र पीडितका लागि क्षतिपूर्ति बढाइएको छ। तर पनि यो ऐन पूर्णतः प्रभावकारी हुन यस विधेयकलाई बलियो बनाउनु आवश्यक छ। उच्चायुक्तको कार्यालय-नेपालले केही सिफारिसहरूको पहिचान गरेको छ जसले मस्यौदा विधेयकलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र सर्वोत्तम अभ्यासहरूअनुरूप बलियो बनाउनेछ[५]। ती सिफारिसहरूमा प्रत्येक कसुरको गम्भीरतातर्फ सङ्केत गर्दै त्यसै बमोजिमको सजाय तोक्दै विभेद सरह मानिने कार्यहरूको पूर्ण वर्गीकरण समावेश गर्ने, अनुसन्धानलाई अगाडि बढाउने सम्बन्धमा प्रहरीको विशिष्ट भूमिका र उत्तरदायित्वहरूको विवरण दिने, उजुरी दर्ता गराउँदाका चुनौतीहरूलाई विचार गरी हदम्याद कम्तीमा एक वर्षसम्म बढाउने, र राज्यअधिकारीहरू तथा सर्वसाधारणलाई ऐनको विषयमा प्रशिक्षित गर्ने आवश्यकता तथा जातीय विभेदकारी अभ्यासहरूको अवैधतालगायत ऐनलाई सक्रिय रूपमा कार्यान्वयन गराउन राज्यका सकारात्मक दायित्वहरू विस्तृत रूपमा निर्धारण गर्ने कुराहरू पर्दछन्।

५६. राष्ट्रिय दलित आयोग सन् २००९ देखि क्रियाशील रहँदै आएको भए तापनि यो आयोग कार्यान्वयनकारी कानुनबाट नभई सरकारी घोषणाबाट स्थापना भएको हो। जातपातमा आधारित विभेदकारी अभ्यासहरूलाई सम्बोधन गर्न आवश्यक एउटा राष्ट्रिय संयन्त्रको उपयुक्त विकास र सञ्चालनका लागि पूर्ण कानुनी आधारको अभाव एउटा थप अवरोधको रूपमा रहँदै आएको छ। सन् २००९ जुलाईमा संसद्मा एउटा विधेयक दर्ता गराइएको थियो तर यसलाई पारित गर्नेतर्फ कुनै प्रगति भएको छैन।

---

[५] सरकारले प्रस्तुत प्रतिवेदनमाथि गरेका आफ्ना टिप्पणीमा विधेयकलाई सुधार गर्ने सुझावहरू उपयुक्तताको आधारमा समावेश गरिनेछ भनी घोषणा गरेको छ।

२. लैङ्गिक विभेद तथा हिंसा

५७. यौन कसुरका सम्बन्धमा नेपाली कानुनका परिभाषाहरूले गरिएको कसुरमा भन्दा □मन्जुरी□मा ध्यान केन्द्रित गरेका छन् र त्यस्ता कसुरलाई लिङ्ग योनिमा प्रवेश गरेकोमा सीमित राख्दछन्। त्यसबाहेक, मुलुकी ऐनको हदम्यादको व्यवस्था अपराध भएको मितिदेखि ३५ दिन नै रहेको छ – यो कसुरको गम्भीरता, धेरैलाई फौजदारी प्रक्रियामा पहुँचको अभाव तथा त्यस्ता घटनाहरूको सूचना दिनमा रहेका साँस्कृतिक अवरोधहरूमाथि विचार गर्दा पूर्णतः अपर्याप्त समयसीमा हो। सन् २००८ मा सर्वोच्च अदालतले हदम्याद बढाउन सरकारलाई निर्देशनात्मक आदेश दियो। सरकारले विधेयकको मस्यौदा तयार गर्दैछ भनी बताए पनि यो मस्यौदा अझै अन्तिम रूपमा आउन बाँकी नै छ।

५८. बोक्सीका आरोप लागेका व्यक्तिहरूविरुद्ध गरिने हिंसात्मक कार्यहरूलाई फौजदारी कसुरमा वर्गीकरण गर्नेगरी सन् २००६ सेप्टेम्बरमा मुलुकी ऐनमा गरिएको संशोधनका बाबजुद त्यससम्बन्धी कानुन समेत अपर्याप्त रहेको छ। यस प्रावधानले कसुरहरूको गम्भीरताको बीचमा रहेको फरक छुट्ट्याउन सकेको छैन र यसमा पीडितहरूले भोग्नुपरेको चोट वा हानिबापत क्षतिपूर्तिको प्रावधान राखिएको छैन। यसको प्रतिक्रियामा राष्ट्रिय महिला आयोगले त्यस्ता कार्यलाई अपराधीकरण गर्न र त्यसमा सजायको व्यवस्था गर्न कानुनको मस्यौदा तयार पारी सन् २०१० अगस्तमा महिला, बालबालिका तथा सामाजिक कल्याण मन्त्रालयमा पेस गऱ्यो। यस दण्डसंहिताको मस्यौदामा बोक्सीको आरोपमा गरिएका हिंसात्मक कार्य तथा अन्य लैङ्गिक विभेदकारी अभ्यासलाई समेत अपराधीकरण गर्ने प्रावधान सामेल छ।

घ. उत्साहजनक घटनाक्रम

१. नेपालको सुदूर पश्चिमाञ्चल क्षेत्रका जिल्ला अदालतहरूबाट भएका सकारात्मक फैसलाहरू

५९. विभेदकारी अभ्यासहरू व्यापक रहेको सुदूर पश्चिमाञ्चलमा प्रहरीद्वारा जातीय विभेदका मुद्दाहरूको दर्ता तथा अभूतपूर्व अदालती फैसलाहरू उत्साहजनक प्रगति हुन्। यस्ता प्रगतिहरू उच्चायुक्तको कार्यालयको सहयोगमा मानवअधिकार सङ्गठनहरूको गठबन्धनका संयुक्त प्रयासपछि भएका हुन्। यो गठबन्धन राष्ट्रिय दलित आयोग तथा नागरिक समाजसँग प्रेस वक्तव्य निकाल्नेलगायत संयुक्त भ्रमण र पहलमा संलग्न थियो।

६०. सन् २००९ र २०१० मा बैतडी जिल्ला अदालतले जातीय विभेदसम्बन्धी मुद्दाहरूमा दुई फैसलाहरू, जसमा उसले मुख्यतः सम्बद्ध अन्तर्राष्ट्रिय दस्तावेजहरू उद्धृत गऱ्यो, गरी □छुवाछुत□ अभ्यासहरूको अवैधता सम्बन्धमा एउटा सशक्त सन्देश दियो। छिमेकी दार्चुला जिल्ला अदालतले जातीय विभेदको आरोप लागेको मुद्दामा सन् २०१० जुलाईमा आफ्नो पहिलो फैसला सुनायो र सुदूर पश्चिमकै कञ्चनपुर जिल्लामा सन् २०१० मईमा पानीको कुरालाई लिएर एक दलित महिलामाथि भएको आक्रमणको मुद्दामा अदालती कारबाही जारी छ। पीडकहरूलाई हिरासतमा राख्ने सजायसहितको जिल्ला अदालतका फैसलालाई सो क्षेत्रको पुनरावेदन अदालतले समर्थन गरेको छ।

६१. केही हदसम्म यी कदमहरू अपवाद हुन्। तैपनि, यी कदमहरूले विभेदकारी अभ्यासहरूविरुद्धको लडाइँमा तथा दण्डहीनता नियन्त्रण गर्नमा फौजदारी न्याय प्रणालीको सम्भाव्य भूमिका दर्साउँछन्। यसमा उल्लेखनीय समस्याहरू रहेका भए पनि - उदाहरणका लागि हालसम्म एक पीडकले मात्र हिरासतको सजाय भोगेको छ - उल्लेख्य परम्परागत सामाजिक दबाबहरूका बाबजुद ती न्यायाधीशहरूले दुर्गम क्षेत्रहरूमा विभेदविरोधी कानुनहरूको कार्यान्वयन गर्न गरेका गतिविधिहरूको प्रशंसा तथा समर्थन गर्नुपर्छ।

२. विभेदकारी अभ्यासहरूलाई सम्बोधन गर्न नागरिक तथा राष्ट्रिय सङ्गसंस्थाहरूले गर्ने कार्य

६२. प्रायः नवीन अभियान तथा लक्ष्यित गतिविधिहरूमार्फत् विभेदकारी अभ्यासहरूको समाधान गर्नमा केन्द्रित नागरिक समाज सञ्जालहरूको विकासले सम्बन्धित मुद्दाहरूको समुन्नत बुझाइमा तथा विशिष्ट विभेदकारी गतिविधिहरूलाई कम गर्न दुवैमा योगदान पुऱ्याएको छ। समूहगत रूपमा जातीय विभेद उन्मूलन सञ्जाल भनेर चिनिने बैतडी जिल्लाका नागरिक समाजका २३ वटा संस्थाहरूको एक समूहले विभेदविरुद्धको लडाइँमा तीन वर्षभन्दा बढी सँगसँगै काम गर्दै आएका छन्। सन् २००७ को धार्मिक पर्व दसैंको क्रममा दलितहरूले गर्ने परम्परागत अभ्यासहरूसँग सम्बन्धित भएका शृङ्खलाबद्ध हिंसात्मक घटनाहरूयता यस सञ्जालले जिल्लाका

मुख्य पात्रहरूका लागि सचेतना अभिवृद्धि अभियान सञ्चालन गर्नुका साथै कार्यशालाहरूको आयोजना गरेको छ। सन् २००८ र २००९ मा घटनाहरू उल्लेख्य रूपमा कम भए भने सन् २०१० मा कुनै पनि घटनाको अभिलेख भएको देखिएन।

६३. राष्ट्रिय महिला आयोग तथा राष्ट्रिय दलित आयोगले सन् २०१० मा स्थानीय स्तरमा पनि आफ्नो संलग्नता विस्तार गरे। दलित आयोगले स्थानीय स्तरका सञ्जालहरूसँग सहकार्य बढाएको छ भने महिला आयोगले महिलाहरूको अधिकार अनुगमन गर्न राष्ट्रिय सञ्जालको स्थापना गरेको छ र हालसम्म यसको उपस्थिति ३० वटा जिल्लामा छ। उच्चायुक्तको कार्यालय-नेपालले ती सञ्जालहरूको तथा तिनीहरूको मानवअधिकार अनुगमन र अनुसन्धान गर्ने समग्र क्षमताको सुदृढीकरण गर्न दुवै आयोगहरूलाई सहयोग पुऱ्याइरहेको छ ।

३. सर्वोच्च अदालतको प्रगतिशील फैसलाहरू

६४. सर्वोच्च अदालतले विभेद तथा लैङ्गिक हिंसाका मुद्दासँग सम्बन्धित हालै विभिन्न महत्त्वपूर्ण फैसलाहरू गरेको छ जसमा सरकारलाई कानुनमा सोहीअनुसारको संशोधन गर्नुपर्ने स्पष्ट निर्देशनात्मक आदेशहरू रहेका छन्। उदाहरणका लागि, सन् २०१० फेब्रुअरीमा यसले महिला तथा बालबालिकाविरुद्ध हुने हिंसासँग सम्बन्धित मुद्दाहरूको समीक्षा गर्न द्रुत अदालतको स्थापना गर्ने फैसला गर्नुका साथै यस्ता अदालतहरूको स्थापनाका लागि आवश्यक कदमहरू चाल्न अधिकारीहरूलाई आदेश दियो। सरकारले द्रुत अदालतहरूको स्थापनाका लागि निर्देशनात्मक आदेशहरूको कार्यान्वयन गर्न कार्यदल गठन गरिएको कुरा उल्लेख गरेको छ।

६५. अछाम जिल्लामा सन् २००९ सेप्टेम्बरमा एक महिला प्रहरी अधिकृतलाई सहकर्मीहरूद्वारा सामूहिक बलात्कार गरिएको आरोपबारे सर्वोच्च अदालतले पनि सकारात्मक कदमहरू चालेको छ। जिल्ला सरकारी वकिलको कार्यालयले छजना आरोपितमध्ये तीनजनालाई अभियोजन नगर्ने निर्णय गरे तापनि २०६७ मङ्सिर १५ गते सर्वोच्च अदालतले जिल्ला सरकारी वकिलको कार्यालयलाई ती अभियुक्तविरुद्ध अभियोग लगाउन आदेश दियो। अदालतले आफ्नो फैसलामा प्रभावकारी उपचार पाउने पीडितको अधिकारले फौजदारी कामकारबाही रोक्ने अधिकारलाई सीमित गर्दछ भन्नेमा जोड दियो। योफैसला फौजदारी न्याय प्रणालीको भावी सुधारका लागि महत्त्वपूर्ण छ। सर्वोच्च अदालतका प्रगतिशील फैसलाहरूको प्रशंसा गरिनुपर्छ तर तिनको कार्यान्वयनमा प्रगति नहुनाले तिनको प्रभावलाई न्यून गरिदिन्छ ।

४. लैङ्गिक हिंसासँग लड्न सरकारको सम्भाव्य भूमिका

६६. घरेलु हिंसालाई अपराधीकरण गर्ने विधान सन् २००९ मा बने तापनि सन् २०१० सेप्टेम्बरसम्म यो कार्यान्वयनमा आएको थिएन जतिबेला सरकारले अन्तत: आवश्यक नियमावलीहरू पारित गऱ्यो। यसैको फलस्वरूप घरेलु हिंसाका आरोपित व्यक्तिहरूलाई अब अदालतमा मुद्दा चलाउन र दण्डित गर्न सकिने भयो, यद्यपि उचित रूपमा कानुन कार्यान्वयन हुन्छ वा हुँदैन भन्ने कुरा हेर्न बाँकी नै छ।

६७. सन् २०१० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अधिकांश जिल्लाहरूमा लैङ्गिक हिंसा हेर्ने डेस्कहरूको स्थापना, पीडितहरूको संरक्षण तथा पुन:स्थापनाका लागि सेवा केन्द्र तथा सामुदायिक केन्द्रहरूको स्थापना, प्रहरी तालिम पाठ्यक्रममा लैङ्गिक हिंसाको विषय समावेश तथा राज्यका पात्रहरूद्वारा हुने लैङ्गिक हिंसाको रोकथाम तथा त्यसको प्रत्युत्तरका लागि भूमिका र जिम्मेवारीहरूको परिभाषा सहित नागरिक समाज र उच्चायुक्तको कार्यालयको सहयोगमा मानक कार्यविधिहरूको तयारी गर्नेलगायत लैङ्गिक हिंसाविरुद्धको वर्षसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा प्रगति गऱ्यो। सरकारले सुरक्षा परिषद् प्रस्तावहरू १३२५ र १८२० मा आधारित राष्ट्रिय कार्ययोजनालाई अन्तिम रूप दिइसकेको छ जसले नेपाललाई दक्षिण एसियामा यस्तो कदम चाल्ने पहिलो मुलुक बनाएको छ ।

VI. निष्कर्षहरू

६८. राजनीतिक गतिरोधका बाबजुद नेपालले शान्ति प्रक्रियाका मुख्य उपलब्धिहरूलाई सुरक्षित राख्न सकेको छ। संविधानसभा सन् २०१० मईसम्ममा संविधान निर्माण गर्न विफल भए तापनि यसको कार्यदिशलाई बढाउने कुरामा सहमति भयो र राष्ट्रपतीय शासन वा

सङ्कटकालको घोषणा गर्नुपर्ने सुझावहरूले मूर्त रूप लिन पाएनन्। थप मेलमिलापकारी पद्धतिहरूको अवलम्बन गरेर अगाडि बढेमा नेपालका राजनीतिक दलहरूलाई सन् २०११ मईभित्र संविधानसभालाई आफ्नो कार्य पूरा गर्न सबै आवश्यक तत्वहरू प्राप्त हुनेछन्।

६९. प्रस्तुत प्रतिवेदनले मानवअधिकार उल्लङ्घनहरूमा रहेको विद्यमान दण्डहीनताका सम्बन्धमा उल्लेख्य सरोकारहरू उठाएको छ तथा मानवअधिकारका प्रतिबद्धताहरू पूरा गर्ने दिशातर्फ भएको प्रगतिमा राजनीतिक स्थितिले पारेको प्रभावमाथि प्रकाश पार्दछ। तर उच्चायुक्तको कार्यालय-नेपालले यी क्षेत्रहरूमा केही प्रगति भएको तथा दण्डहीनताका मुद्दाहरूलाई सम्बोधन गर्ने र राष्ट्रिय मानवअधिकार संरक्षण संयन्त्रलाई सुदृढ गर्ने महत्त्वपूर्ण विधेयकका मस्यौदाहरू संसद्मा विचाराधीन छन् भन्ने कुरालाई ध्यानमा लिएको छ। राष्ट्रिय मानवअधिकार सङ्घसंस्थाहरूले लिएका पहलहरू तथा सर्वोच्च अदालत र स्थानीय स्तरका अदालतहरूले गरेका महत्त्वपूर्ण फैसलाहरूले मानवअधिकार उल्लङ्घन र दण्डहीनता नियन्त्रण गर्नमा एउटा प्रभावकारी राष्ट्रिय संरक्षण प्रणालीको सम्भाव्य भूमिकालाई दर्साउँछ। त्यसैगरी, लैङ्गिक मुद्दासम्बन्धी राष्ट्रिय कार्ययोजनालाई कार्यान्वयन गर्न सरकारले गरेका प्रयासहरूको प्रशंसा गरिनुपर्दछ ।

७०. मानवअधिकार उल्लङ्घनको उचित जवाफदेहीता सुनिश्चित गर्नाले मानवअधिकारको उपभोगमा रहेका प्रमुख बाधाहरूलाई हटाउनुका साथै कानुनी शासनलाई प्रोत्साहन दिई अन्ततः लोकतन्त्रलाई सुदृढ गर्नेछ। व्यवहारिक नीतिहरू निर्माण र कार्यान्वयन गर्ने तथा ठोस कार्य गर्न आवश्यक राजनीतिक इच्छाशक्ति र आफ्ना कानुनी कर्तव्यहरू पूर्ण रूपमा निर्वाह गर्ने क्षमता र अठोट भएका कानुनको पालना गराउने निकायहरू भएमा नेपाल आफ्ना संस्थाहरू र शान्ति प्रक्रियाको स्थायित्वलाई कमजोर बनाउने दण्डहीनताको समस्या हल गर्ने स्थितिमा हुनेछ ।

VII. सिफारिसहरू

७१. मानवअधिकार उच्चायुक्तले संविधानसभामा भएका राजनीतिक दलहरूलाई संविधानको मस्यौदा निर्माणमा ठोस प्रगति हासिल गर्न र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत सरकारले गरेका प्रतिबद्धताअनुरूप विचाराधीन रहेका महत्त्वपूर्ण कानुनका मस्यौदा पारित गर्न आग्रह गर्नुभएको छ। नयाँ संविधान तथा सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापना गर्ने विधेयकहरू पारित गर्ने कार्य अन्य विवादित राजनीतिक मुद्दाहरूको समाधानमा निर्भर हुनुहुँदैन। छुवाछुतलाई अपराधीकरण गर्ने बृहत् कानुन अवलम्बन गर्न तथा बलात्कारका सम्बन्धमा हदम्यादसम्बन्धी प्रावधान बढाउनेलगायतका थप कानुनी तथा व्यवहारिक उपायहरू गर्न प्रोत्साहन गरिन्छ ।

७२. मानवअधिकार संरक्षणका लागि कानुनको पालना गराउने राष्ट्रिय निकायहरूले खेलेको आधारभूत भूमिकालाई आत्मसात गर्दै उच्चायुक्तले शङ्कित पीडकहरूको हैसियत जे भए तापनि सम्बद्ध पात्रहरूद्वारा मानवअधिकार उल्लङ्घनहरूको शीघ्र, पूर्ण तथा स्वतन्त्र अनुसन्धान गर्न सरकारलाई आह्वान गर्नुभएको छ। भविष्यमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना भए पनि वा नभए पनि द्वन्द्वसँग सम्बन्धित गम्भीर अपराधहरूको अभियोजन तथा फौजदारी अनुसन्धानलाई जारी राखिनुपर्दछ।

७३. उच्चायुक्तले नेपाली सेना तथा एकीकृत कम्युनिष्ट पार्टी (माओवादी)लाई कानुनी शासनको सम्मान गर्न तथा द्वन्द्वका क्रममा भएका उल्लङ्घनहरूका लागि, विशेषतः न्यायपालिकाको स्वतन्त्रताको सम्मान तथा यसका फैसलाहरूको कार्यान्वयन गरी, जवाफदेहीता प्रवर्द्धन गर्ने दिशामा प्रयासहरू गर्न आह्वान गर्नुभएको छ।

७४. सुरक्षाफौजका सदस्यहरूले दुर्व्यवहार गरेका भन्ने ठूलो सङ्ख्याका आरोपहरू उनीहरूविरुद्ध लागेकाले गर्दा उच्चायुक्तले सुरक्षाफौजका लागि बाह्य नागरिक निगरानी संयन्त्रको अविलम्ब स्थापनाका लागि सिफारिस गर्नुभएको छ। यसैगरी, सुरक्षाफौजले फौजदारी अनुसन्धानहरू पूरा गर्न वा त्यसमा सहयोग पुऱ्याउन, अदालतका फैसलाहरूको कार्यान्वयन गर्न वा राष्ट्रिय मानवअधिकार संस्थाहरूका सिफारिसहरू कार्यान्वयन गर्न विफल रहेका मुद्दाहरूमा सरकारले उपयुक्त सजाय दिनुपर्दछ।

७५. फौजदारी न्याय प्रणालीमा पर्ने राज्यका सबै निकायहरूको क्षमता अभिवृद्धि गर्न, खासगरी फौजदारी अनुसन्धानहरूको उचित सञ्चालनका सम्बन्धमा, तथा अनौपचारिक न्याय प्रणालीलाई विकल्पका रूपमा अपनाउँदा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको उल्लङ्घन हुन जान्छ भन्ने बुझाइमा सुधार ल्याउन थप प्रयासहरू गर्न उच्चायुक्तले सरकारलाई आह्वान गर्नुभएको छ।

७६. प्रहरीले गर्ने फौजदारी अनुसन्धानहरूको महान्यायाधिवक्ताको कार्यालयले सुपरिवेक्षण गर्ने आफ्ना कानुनी उत्तरदायित्वहरूलाई पूर्ण रूपमा पूरा गर्न उच्चायुक्तले सिफारिस गर्नुभएको छ। साथै, सरकारले त्यस कार्यालयको स्वतन्त्र तथा प्रभावकारी सञ्चालनका लागि गरेका आफ्ना प्रतिबद्धताहरू पूरा गर्ने प्रयत्न गर्नुपर्दछ।

७७. पेरिस सिद्धान्तअनुरूपको सक्षम, स्वतन्त्र तथा विश्वसनीय राष्ट्रिय संस्थाका लागि आवश्यक बलियो कानुनी आधार प्रदान गर्न राष्ट्रिय मानवअधिकार आयोगको मस्यौदा विधेयकलाई परिमार्जन गर्न तथा आयोगका निर्णयहरूको कार्यान्वयन दरमा सुधार ल्याउन उच्चायुक्तले सरकारलाई प्रोत्साहन गर्नुभएको छ।

७८. अन्तर्राष्ट्रिय मापदण्डअनुरूप जातीय विभेद तथा छुवाछुतसम्बन्धी अपराधहरूको उन्मूलन तथा सजायसम्बन्धी मस्यौदा विधेयकका मुख्य प्रावधानहरूलाई सुदृढ गर्न तथा त्यसको शीघ्र कार्यान्वयनको सुनिश्चितता गर्न उच्चायुक्तले सरकारलाई प्रोत्साहन गर्नु भएको छ।

७९. राष्ट्रिय महिला आयोग तथा राष्ट्रिय दलित आयोगलाई सुदृढ गर्दै, दलित आयोगलाई वैधानिक निकाय बनाउन मस्यौदा कानुनलाई अगाडि बढाउँदै र पीडित तथा साक्षीहरूको न्यायमा पहुँचको सुनिश्चिततालगायतका कार्य गर्दै जातीय विभेद तथा यौनजन्य र लैङ्गिक हिंसाका पीडितहरूको संरक्षण सुदृढ गर्न आफूले गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न उच्चायुक्तले सरकारलाई थप अनुरोध गर्नुभएको छ।